नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार काठमाण्डौ
(सुशासन प्रवर्द्धन शाखा)

फोन :४२००३०९
:४२००२८१
फ्याक्स :४२००३२२

पत्र संख्याः- सुशा. /०७३/७४
चलानी नं.:- 60

मितिः- २०७४।४।२६

विषयः निर्णय कार्यान्वयन सम्वन्धमा ।

**श्री स्थानीय तहहरु - सवै** (७४४)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. कोहलपुर ०७३।७४ च.नं. २४७७ मिति २०७४।३।२५ को पत्रानुसार "बर्दिया जिल्लास्थित बाँसगढी नगरपालिकाको साँध सिमाना प्रमाणित गर्दा, जग्गा खरिद बिक्री गर्दा गैरकानूनी तरिकाले एक प्रतिशत रकम उठाएको भन्ने समेत व्यहोराको उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा, कानून बमोजिम बाहेक कुनै कर लगाइने छैन भन्ने नेपालको संविधानको धारा ११५ को व्यवस्था विपरीत जग्गा खरिद बिक्री गर्दा सिफारिस दस्तुर बापत एक प्रतिशत शैक्षिक विकास शुल्क बाँसगढी नगरपालिकाको कार्यालय, बर्दियाले लिएको देखिएकोले प्रचलित कानूनको अख्तियारी बमोजिम बाहेक जग्गा खरिद बिक्री गर्दा सिफारिस दस्तुर बापत एक प्रतिशतको दरले शैक्षिक विकास शुल्क असुल नगर्नु, नगराउन आवश्यक व्यवस्था गर्न, गराउन" अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिम तहाँको मिति २०७४।३।१९ को निर्णय बमोजिम सुझाव प्राप्त भएकोले उक्त सुझावमा उल्लिखित विषय कार्यान्वयका लागि सवै स्थानीय तहहरुलाई लेखि पठाउने भनि नेपाल सरकार (सचिवस्तर) को मिति २०७४।४।२५ को निर्णयानुसार अनुरोध छ ।

०७४।४।२६
शेखर निधि पौड्याल
शाखा अधिकृत

**वोधार्थः**

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
टंगाल, काठमाण्डौं ।

श्री सूचना तथा विद्युतिय शासन शाखा,
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयः- पत्र मन्त्रालयको Website मा Upload गरिदिनु हुन ।

नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार काठमाण्डौ
(सुशासन प्रवर्द्धन शाखा)

फोन :४२००३०९
:४२००२८१
फ्याक्स :४२००३२२

पत्र संख्या:- सुशा./०७३/७४
चलानी नं.:- ६९

मितिः- २०७४।४।२६

विषय: निर्णय कार्यान्वयन सम्वन्धमा ।

**श्री स्थानीय तहहरु - सवै (७४४)**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. पोखरा (स्था) । ०७३।७४ च.नं. २४७३ मिति २०७४।३।२२ को पत्रानुसार "पोखरा उपमहानगरपालिकाका कर्मचारी समेतको मिलेमतोमा चौतारी निर्माणमा अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा स्थानीय निकायहरुवाट सञ्चालन हुने योजनाको कार्य सम्पन्न पछि भुक्तानी दिंदा नियमानुसार Tax Deduction at Source (TDS) कट्टा गरी भुक्तानी दिनुपर्नेमा कर कट्टा गरेको नदेखिएकोले स्थानीय तहवाट कुनै पनि योजना तथा कार्यक्रमको रकम भुक्तानी दिंदा प्रचलित कानून वमोजिम लाग्ने कर कट्टा गरेर मात्र भुक्तानी गर्ने, गराउने तर्फ आवश्यक व्यवस्था हुन" अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को खण्ड (ख) बमोजिम तहाँको मिति २०७४।३।२१ को निर्णय वमोजिम सुझाव प्राप्त भएकोले उक्त सुझावमा उल्लिखित विषय कार्यान्वयका लागि सवै स्थानीय तहहरुलाई लेखि पठाउने भनी नेपाल सरकार (सचिवस्तर) को मिति २०७४।४।२५ को निर्णयानुसार अनुरोध छ ।

०७४।४।२६

शेखर निधि पौड्याल
शाखा अधिकृत

**वोधार्थ:**

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
टंगाल, काठमाण्डौं ।

श्री सूचना तथा विद्युतिय शासन शाखा,
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयः- पत्र मन्त्रालयको Website मा Upload गरिदिनु हुन ।